प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

कोशी प्रदेश
धनकुटा, नेपाल

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०२/०७

आर्थिक वर्ष ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कोशी प्रदेशभित्र सर्पदंशको (टोकाई र सर्पका जाति/प्रजाति) अवस्था एवं उपचार प्रणालीका बारेमा विश्वव्यापी रुपमा पद्वती, खोज र वैज्ञानिक तथ्यमा आधारित उपचार प्रकृयाका बारेमा अध्ययन/अनुसन्धान गर्न तपसिलमा उल्लेख भए बमोजिमको न्यूनतम योग्यता पुगेका इच्छुक संस्था, फर्म वा कम्पनीहरुले तोकिएको ढाँचामा सिलबन्दी प्रस्ताव पत्र पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ ।

तपसिल

(क) प्रस्ताव पत्र पेश गर्न चाहिने न्यूनतम आवश्यक कागजातहरु

१. सम्बन्धित संस्था, फर्म वा कम्पनीको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नविकरण समेत भएको)
२. मूल्य अभिवृद्धि कर/ स्थायी लेखा दर्ता प्रमाण पत्रको प्रतिलिपी
३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (पछिल्लो आ.व.को)
४. आवश्यक जनशक्तिको शैक्षिक योग्यता र अनुभवको प्रमाण पत्रको प्रतिलिपी
५. सर्पदंश उपचार सम्बन्धी अध्ययन/अनुसन्धानमा काम गरेको प्रमाण पत्रको प्रतिलिपी
६. तोकिए बमोजिमको निवेदन ।

(ख) शर्त तथा अन्य आधारहरु

- आवश्यक मापदण्ड पुगेका इच्छुक संस्था, फर्म वा कम्पनीले यस निर्देशनालयलाई सम्बोधन गरी तोकिएको प्रस्तावको खाकामा ToR बमोजिम रितपूर्वक प्राविधिक तथा आर्थिक प्रस्ताव पत्र छुट्टाछुट्टै सिलबन्दी खाममा राखि पेश गर्नुपर्ने छ । आर्थिक प्रस्तावको हकमा ToR मा उल्लेख गरिए अनुसारको बजेट सिमाभित्र हुनु पर्ने छ ।
- तोकिएको ढाँचामा रितपूर्वकको प्रस्ताव पत्र सूचना प्रकाशित भएको मिति ले १५ दिनभित्र कार्यालय समयमा स्वास्थ्य निर्देशनालय धनकुटामा दर्ता गराई सक्नु पर्नेछ ।१५ औं दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट प्रस्ताव पत्र दर्ता गर्न सकिनेछ ।
- प्रस्तावमा उल्लेख भएको कागजातमा कुनै प्रकारको त्रुटी भेटिएमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम अन्तिम टुङ्गो लगाइनेछ ।
- प्रस्ताव सम्बन्धी ToR यस निर्देशनालयको Website : hd.p1.gov.np मा हेर्न र पाउन सकिनेछ ।
- ToR मा उल्लेख भए अनुसार प्राविधिक र आर्थिक प्रस्तावको ढाँचा बमोजिम प्रस्ताव मूल्यांकनको विधि हुनेछ ।
- रितपूर्वक पेश भएको प्रस्ताव पत्र १६ औं दिनको १२:०० बजे यस निर्देशनालयमा निर्देशनालयका कर्मचारी, प्रस्तावदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ । प्रतिनिधी उपस्थिति नभएपनि प्रस्ताव पत्र खोल्न बाधा पर्ने छैन ।

थप जानकारीको लागि
स्वास्थ्य निर्देशनालय, धनकुटा
(०२६-५२२५०८)